आज मिति २०८३।३।१० गतेका दिन यस शिवनाथ गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री कर्ण सिंह साउद ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका निर्णय गरिए ।

## उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री | कर्ण सिंह साउद | - | अध्यक्ष |
| श्री | सकुन्तला साउद | - | उपाध्यक्ष |
| श्री | बलदेव सिंह चाउ | - | सदस्य |
| श्री | सुरेन्द्र सिंह साउद | - | सदस्य |
| श्री | केशव दत्त कलौनी | - | सदस्य |
| श्री | धन बहादुर महता | - | सदस्य |
| श्री | केशव चन्द | - | सदस्य |
| श्री | भरत राम पार्की | - | सदस्य |
| श्री | धनमती साउद | - | सदस्य |
| श्री | विमला पार्की | - | सदस्य |
| श्री | संगीता आउजी | - | सदस्य |
| श्री | लालिमा कुमारी साउद | - | सदस्य |
| श्री | रजेन्द्र राम दयाल | - | सदस्य |
| श्री | प्रताप राय तिरुवा | - | सदस्य |
| श्री | रघुनाथ अवस्थी | - | सदस्य - सचिव |

## आमान्त्रित :-

निर्णय प्रमाणित
०८३।३।१०

रघुनाथ अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

निर्णय नं. १ :-

यस शिवनाथ गाउँपालिकाको चालु आ.व. ०७७।०७८ को जेठ मसान्त सम्मको राजश्व र व्ययको यथार्थ प्रगति विवरण, असार मसान्त सम्मको संशोधित आय-व्यय विवरण बजेट र आगामी आ.व. ०७८।०७९ को रु. ३६,०६,९५,०००/- को प्रस्तावित आय-व्यय विवरणलाई १० औं गाउँसभाको बैठकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :-

यस शिवनाथ गाउँपालिकाको आगामी आ.व. ०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रमलाई १० औं सभामा पेश गर्ने स्वीकृति दिने ।

निर्णय नं. ३ :-

आगामी आर्थिक वर्ष ०७८।०७९ को "आर्थिक विधेयक २०७८" लाई सभामा पेश गर्ने ।

निर्णय नं. ४ :-

आगामी आर्थिक वर्ष ०७८।७९ को विनियोजन विधेयक सभामा पेश गर्ने ।

निर्णय नं. ५ :-

यस शिवनाथ गाउँपालिकाको राजश्व परामर्श समितिको २ जना सदस्यमा देहायका कार्यपालिका सदस्यलाई मनोनित गर्ने ।

(क) भरत राम पार्की - वडा नं. ६

(ख) संगीता आउजी - वडा नं. ४

निर्णय नं. ६

कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण गर्ने कार्यविधि, २०७८" को दफा ४ को उपदफा (१) र (२) बमोजिम लाभग्राहीलाई नगद हस्तान्तरण गर्ने अनुसूची-१ मा ४३४ जनाको संख्या प्राप्त भएको र कार्यविधि अनुसार वडाबाट सिफारिस भएर आएको लाभग्राहीको नामावली स्वीकृत गर्ने ।

शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिवनाथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

निर्णय प्रमाणित
०७८।३।१०
...नाथ अवस्थी
...कीय अधिकृत

निर्णय नं. ७ :-

खानेपानी तथा सरसफाई स्वच्छता (वास) यस शिवनाथ गाउँपालिकामा लागू भएको खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन निर्देशिका, २०७६ बमोजिम समापन भएको वास एकाईलाई आर्थिक वर्ष ०७९/०८० को लागि आवश्यक जनशक्ति सहित सो मातहतका कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गर्ने ।

जनशक्ति :- जलस्रोत अधिकृत श्री हर्षराज भट्ट- एकाई प्रमुख ।

निर्णय नं. ८ :-

९ औं गाउँसभाबाट विनियोजन भएको अनुमानित रकम देहायका शीर्षकमा अपुग भएकोले निम्न शीर्षकबाट रकमान्तर गर्ने ।

चालु तर्फ

| क.स | योजना/कार्यक्रमको नाम (बाट) | रकम | योजना/कार्यक्रमको नाम (मा) | रकम |
|---|---|---|---|---|
| १. | कर्मचारी पारीश्रमिक | २०००००० | घर भाडा | ४००००० |
| | | | सवारी साधन मर्मत | ४००००० |
| | | | मसलन्ध तथा कार्यालय सञ्चालन | १२००००० |
| २ | करार सेवा शुल्क | ५००००० | सवारी साधन मर्मत | ५००००० |
| ३ | कर्मचारी पर्यटन काज | ५००००० | कर्मचारी भ्रमण खर्च | ५००००० |
| ४ | कार्यक्रम खर्च | ३८५००० | कक्षा ८ को परिक्षा सञ्चालन तथा व्यवस्थापन | ३८५००० |
| ५ | पदाधिकारी अन्य सुविधा | ३००००० | अन्य भाडा | ३००००० |
| जम्मा | | ३६८५००० | | ३६८५००० |

➢ पूँजीगत तर्फ

| क.स | योजना/कार्यक्रमको नाम (बाट) | रकम | योजना/कार्यक्रमको नाम (मा) | रकम |
|---|---|---|---|---|
| २ | संघ प्रदेश समपूरक कोष | ५००००० | सडक सफाइ तथा मर्मत | ५००००० |

शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिवनाथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

निर्णय प्रमाणित

०७९/३/१०

रघुनाथ अवस्थी
प्रमुख प्रशासकीय अधिकृत